गुर्भाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत,
कर्णाली प्रदेश, नेपाल
फोन नं. ०१८५८०६५१११

गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय शुभाघाट, सुर्खेत कर्णाली प्रदेश, नेपाल

प.सं. :२०८२/०८३

च.नं. :

दूध उत्पादन गर्ने किसानहरुको लागी दूधमा अनुदान प्रोत्साहन कार्यक्रम सम्बन्धि प्रस्ताव आह्वानको सूचना।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०१/२५)

यस नगरपालिका पशु सेवा शाखाको आ.ब.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूध उत्पादन गर्ने किसानहरुको लागी दूधमा अनुदान प्रोत्साहन कार्यक्रम (प्रति लिटर रु.२/- दुई रुपैया) अनुदान प्रोत्साहन कार्यक्रम संचालनको लागी मिति २०८२ साल माघ १ गते देखि २०८३ साल जेष्ठ मसान्त सम्मको दूध उत्पादन गरी बिक्री गरेको बिबरण आधिकारीक निकायमा दर्ता भएका दूग्ध संकलन केन्द्र/दूग्ध संकलन सहकारी /डेरी पसल उद्योग र दूध खरिद बिक्री केन्द्रहरुबाट दूध बिक्रीको प्रमाणीत प्रमाण सहित दूध उत्पादन प्रोत्साहन लिन चाहने ईच्छुक किसानहरुको तपसिलमा उल्लेखित बिबरण सहित गुर्भाकोट नगरपालिका भित्र संचालनमा रहेका दूग्ध संकलन केन्द्र/दूग्ध संकलन सहकारी/दूध खरिद बिक्री केन्द तथा डेरी पसल उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात २०८३ जेष्ठ ८ गते भित्र तपसिलमा उल्लेखित बिबरण सहितको आवेदन फाराम यस नगरपालिकाको पशु सेवा शाखामा कार्यालय समय भित्र निवेदन दिई दर्ता गर्नुहुन सम्बन्धित सरोकार वालाहरु सबैमा यो सुचना प्रकाशित गरिएको छ । साथै रित नपुगेर आएका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल :

१. कृषकहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र स्थायी लेखा नम्बर (पान नं.) को प्रतिलिपी
२. कृषकहरुले बैंक खाता खोलेका बैंकको खाता नं. र सक्कलै चेकको पाना (हाल संचालनमा रहेको बैंकको खाता नम्बर मात्र समावेश गरिनेछ साथै सामाजिक सूरक्षा भत्ता र पेन्सन बुझ्ने प्रयोजनको लागी खोलीएको खाता मान्य हुने छैन ।
३. दूधालु गाई/भैसीहरुको बिमा गरिएको भए बिमालेख को प्रतिलिपि
३. दर्ता भएका दूध संकलन केन्द्र/दूग्ध संकलन सहकारी/दूध खरिद बिक्री केन्द्र र डेरी पसल उद्योगहरुले कृषकहरुबाट २०८२ माघ १ गते देखि २०८३ जेष्ठ मसान्त सम्मको खरिद गरेको दूधको प्रमाणीत प्रतिलिपी सहित यस शाखाले तयार पारेको फर्मेट अनुसारको सम्पुर्ण बिबरण कालीमाटी फन्टमा टाईप गरी सफ्ट कपि र हार्ड कपि सहित सम्बन्धित वडा कार्यालयबाट प्रमाणीत गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
४. दूध संकलन केन्द्र/दूग्ध संकलन सहकारी/दूध खरिद बिक्री केन्द्र र डेरी पसल उद्योग दर्ता तथा नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपी स्थायी लेखा नं. , र चालु आ.ब.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
५. दूंध खरिद तथा संकलन कर्ताले दूध उत्पादक कृषकहरुलाई दूध खरिद परिमाणको आधारमा सम्बन्धित कृषकहरुको बैंक खातामा दूध खरिद वापतको रकम जम्मा गरिदिनको लागी बैंकलाई लेखिएको पत्र साथै कृषकहरुको २०८२ साल माघ १ गते देखि २०८३ साल जेष्ठ मसान्त सम्मको बैंक स्टेटमेन्ट पेश गर्नु पर्नेछ ।
६. अन्य छुट भएका विषयहरु भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा ब्यवस्थापन कार्यबिधि २०८० मा कायम भए बमोजिमको हुनेछ ।

यस बिषयमा थप जानकारीको सर्म्पक नं. ९८६८३०४६८५/९८१५५५०२२५ र ९८४८०९५१६६/९८१९५४५०९८

बोधार्थ : श्री सूचना प्रबिधि शाखा गुर्भाकोट नगरपालिका ,
- सूचना Website मा Upload गरि दिनहुन अनुरोध छ ।

(कृष्ण प्रसाद शर्मा)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत